कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

# United Modi Hydropower Limited

वडा नं.३१, कमलादी, काठमाण्डौं, नेपाल । फोन नं.:४१६९११४, फ्याक्स नं.४१६९११३
E-mail: unitedmodi@ntc.net.np, Website: www.umh.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

जारी पूँजी रु.१ अर्ब १५ करोडको १५% प्रतिशत अर्थात रु.१७ करोड २५ लाख शेयर पूँजी बराबरको प्रति साधारण शेयर रु.१००/– अंकित दरका १७,२५,००० कित्ता (३४,५०० कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ८६,२५० कित्ता शेयर सामुहिक लगानी कोषहरुका लागि बाँडफाँड गरिएको र बाँकी १६,०४,२५० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको) साधारण शेयरहरुको सार्वजनिक निष्काशन।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

उद्योग प्रभावित क्षेत्र पर्वत जिल्लाका स्थानीय बासिन्दाहरुलाई जारी गरेको शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले यस विवरणपत्र मार्फत सर्वसाधारणहरुलाई जारी गरिने साधारण शेयर खरिद गर्नका लागि आवेदन गर्न पाइने छैन् ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लि. बाट "ईक्रा एनपि आईपिओ ग्रेड ३" प्रमाणपत्र प्राप्त गरेको छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति २०७३/१०/१९

कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७३/१०/२७

निष्काशन खुल्ला हुने मितिः २०७३/११/१९

निष्काशन बन्द हुने मिति (छिटोमा : २०७३/११/२३

निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७३/१२/३

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

### ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रपाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड, वडा नं.३१, कमलादी, काठमाण्डौं सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक सम्झनु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत विकास विभाग सम्झनु पर्दछ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन सम्झनु पर्दछ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

ञ) "वित्तीय विवरण भन्नाले संगठित संस्थाको वासलात, आय ब्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

### ख.२.विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :

यस विवरण–पत्र मार्फत निष्काशित साधारण शेयरहरु बिक्री वितरणका लागी देहाय बमोजिम स्थाानमा दरखास्त पाउन, रकम जम्मा गर्न र दरखास्त बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| सि.नं. | संकलन केन्द्रको नाम, ठेगाना |
|---|---|
| १. | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं । |
| २. | भिबोर क्यापिटल लि., कृष्णगल्ली, ललितपुर । |
| ३. | *सि.बि.आई.एल.क्यापिटल लि., डिल्लीबजार, काठमाडौं । |
| ४. | गोर्खाज फाइनान्स लि., डिल्लीबजार, काठमाण्डौं तथा शाखा कार्यालयहरु : बौद्ध, न्यूरोड, सातदोबाटो, सूर्यबिनायक, दमक, धरान, इटहरी, नारायणगढ र बिर्तामोड । |
| ५. | गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., *हरिहर भवन, ललितपुर तथा शाखा कार्यालयहरु : *चावहिल, *हेटौंडा, बीरगञ्ज र चारआली । |
| ६. | आईसीएफसी फाइनान्स लि., भाटभटेनी, काठमाण्डौं तथा शाखा कार्यालयहरु : बौद्ध, मैतीदेबी, गोंगबु, पेप्सीकोला, न्यूरोड र बनेपा। |
| ७. | सिनर्जी फाइनान्स लि., कमलादी, काठमाण्डौं तथा शाखा कार्यालयहरु : गोंगबु, न्यूरोड पोखरा र मिलनचोक बुटवल । |
| ८. | हाम्रो विकास बैंक लि., विदुर-३, बट्टार, नुवाकोट । |
| ९. | साझा विकास बैंक लिमिटेड, धनगढी, कैलाली तथा शाखा कार्यालयहरु : टिकापुर र महेन्द्रनगर |

**नोट : *उपरोक्त संकलन केन्द्रहरुबाट एकाउण्टपेयी चेक मात्र दरखास्त बुझिलिने ब्यवस्था गरिएको छ ।**

***नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड लगायत नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा (ASBA- Application Supported by Blocked Amount) सेवामा सहभागी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा समेत आस्वा (ASBA) प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ ।***

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरु/वित्तीय संस्थाहरुमा आवेदन फारम तथा विवरणपत्र प्राप्त गर्न र आवदेन फारम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुनुअघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई बाँडफाँडमा समावेश गरिने छैन ।

**दरखास्त फारम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग आदी) को सावजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।
५. यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि**

**(क) संगठित संस्थाको नाम : युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड (United Modi Hydropower Ltd.)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.३१, कमलादी, काठमाडौंमा रहेकोछ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) जलविद्युत केन्द्र :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र पर्वत जिल्लाको कुश्मा नगरपालिकामा रहेकोछ ।

**(ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजीक्षेत्रका उद्यमीहरु मिलेर यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४ साल मंसीर ५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पर्वत जिल्लाका स्थानिय बासिन्दाहरु तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले २०७० साल चैत्र २८ गते देखि कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

२. हाल यस कम्पनीमा ३५९ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, निमार्ण, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीको प्रवन्धपत्रमा व्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई “क” बर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई “ख” वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७५% शेयर “क” बर्गका संस्थापक शेयरधनी तथा २५% “ख” वर्गका सर्वसाधारणहरु मध्ये, १०% प्रतिशत उद्योग प्रभावित क्षेत्र पर्वत जिल्लाका स्थानीय बासिन्दाहरुलाई मिति २०७३/७/१९ गते बाँडफाँड गरी पूँजीकरण गरिसकेको र बाँकी रहेको १५% सर्वसाधारणहरु (सामुहिक लगानी कोष तथा कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।

४. यस कम्पनीले पर्वत जिल्लाको कुश्मा नगरपालिका स्थित मोदी खोलाबाट १० मेगावाट क्षमताको तल्लो मोदी–१ जलविद्युत आयोजना सफलतापूर्वक निर्माण सम्पन्न गरी २०६९ मंसीर ९ गतेबाट ब्यापारिक उत्पादन शुरु गरी नियमित रुपमा नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्दै आइरहेको छ । जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप तल्लो मोदी–१ जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६६/५/२ गतेका दिन प्राप्त गरेको हो र उक्त अनुमति पत्र मिति २१०१/५/१ गते सम्म बहाल रहनेछ । साथै कम्पनीले आफ्नै स्वामित्वमा तल्लो मोदी–२ जलविद्युत आयोजना ( १०.५) मेगावाटको विद्युत सर्वेक्षणको अनुमतिपत्र प्राप्त गरी आयोजना विकास तथा निर्माण गर्ने कार्यमा अघि बढिरहेको छ । तल्लो मोदी -१ जलविद्युत आयोजनाको Cascade Project को रुपमा नै तल्लो मोदी -२ जलविद्युत आयोजना निर्माण गर्ने अवधारणा अनुसार नै कम्पनीले तल्लो मोदी-१ जलविद्युत आयोजना निर्माण गर्दा प्रयोग हुने कार्यालय, गोदाम, कर्मचारी आवास, पहुँच मार्ग, इन्टेक एवं १३२ KV प्रशारण लाइन समेत तल्लो मोदी-२ जलविद्युत आयोजना समेतलाई प्रयोग गर्न सकिने गरी निर्माण गरेको र स्वीचयार्ड, सबस्टेशन एवं पावरहाउस इत्तर क्षेत्रमा पनि सो योजना अनुसार नै केहि बढी मात्रामा जग्गा खरीद गरिएको अवस्था छ ।

उपरोक्त आयोजनाहरुको कुल लागत, प्रति मेगावाट लागत तथा लगानी फिर्ता हुने अवधि (Pay Back Period) निम्नानुसार रहेको छ :

| बिवरण | तल्लो मोदी–१ | तल्लो मोदी–२ (अनुमानित) |
|---|---|---|
| आयोजनाको कुल लागत (रु.हजारमा) | २२१३२०६ | १७८७४७७ |
| क्षमता (मे.वा.) | १० | १०.५ |
| प्रति मेगावाट लागत (रु.हजारमा) | २२१३२१ | १७०२३६ |
| लगानी फिर्ता हुने अवधि (वर्ष) | १४ | ८.७५ |

५. धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा भएको व्यबस्था बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र) पर्वत जिल्लाका बासिन्दाहरुलाई छुट्याइएको जारी पूँजी मध्येको १०% साधारण शेयर निष्काशन तथा बिक्री

गरी बाँडफाँड गरिसकिएको र सर्वसाधारणको लागी छुट्टयाइएको जारी पूँजी मध्येको १५% साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ।

६. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको पर्वत जिल्लाको कुश्मा नगरपालिकामा १० मेगावाट क्षमताको तल्लो मोदी–१ जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजन संचालन भैरहेको छ । साथै १०.५ मेगावाट क्षमताको तल्लो मोदी–२ जलविद्युत आयोजनाको हकमा सो आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी विस्तृत सम्भाव्यता अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन सम्पन्न गरी **IEE Report** स्वीकृत भइसकेको र नेपाल विद्युत प्राधिकरण सँग विद्युत खरिद बिक्री सम्झौता **(PPA)** र **Connection Agreement** सम्पन्न भइसकेको छ ।

७. कम्पनीले निर्माण गरेको तल्लो मोदी–१ जलबिद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६५ साल माघ २० गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । उक्त सम्झौताको पहिलो संशोधन मिति २०६८ साल जेष्ठ २४ गते र दोश्रो संशोधन २०६९ आषाढ २० गते भएको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहनेछ ।

८. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

८.१. तल्लो मोदी–१ जलविद्युत आयोजनाबाट वार्षिक ६,१०,०८,७२५ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि ५,०३,७७,०३७ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि १,०६,३१,६८७ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

८.२. विद्युतको खरीद मूल्य वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु.४/८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.८/४० (आठ रुपैंया चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारीक उत्पादन शुरु भएको आर्थिक बर्ष २०६९/०७० लाई आधार बर्ष मानि खरिद दरमा बार्षिक ३% का दरले पाँच पटक साधारण मुल्यबृद्धि दिँदा हुन आउने खरिददर दिइने छ ।

८.३. नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा **(Excess Energy)** को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

८.४. कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.बाट गरेको छ । यस बाहेक आयोजनामा क्षति भई बन्द भएमा आयोजनाबाट आम्दानीमा हुने नोक्सानीको **(Loss of Profit)** क्षतिपूर्ति समेतको लागि हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि. बाट बीमा गरेको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

(क) स्वीकृति लिनुपर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति स्विकृति लिई नेपाल अधिराज्यको विभिन्न भागमा रहेका नदि नाला,तालबाट निजी क्षेत्रमा जलविद्युत आयोजनाहरु निर्माण गरि प्रसारण तथा बिक्री वितरण गर्ने ।

(ख) मोदी खोलामा जलविद्युत निर्माण गरि उत्पादन, प्रसारण तथा बिक्री वितरण गर्ने ।

(ग) विद्युत उर्जाको आवश्यकताअनुसार नेपाल भर जलविद्युत बाहेक अन्य (सौर्य, वायु तापिय) श्रोतबाट पनि विद्युत उर्जा उत्पादन गरि प्रसारण तथा विक्री वितरण गर्ने

(घ) नेपाल विद्युत प्राधिकरणको विभिन्न आयोजनाहरु, विद्युत उर्जा उत्पादन कम्पनीहरुबाट उत्पादित विजुलि लिजमा लिई संचालन तथा विक्री वितरण गर्ने ।

(ङ) बिद्युत शक्तिको थोक खरिद गर्ने ।

(च) जलविद्युत र वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयां नयां ठाउंहरुको अन्वेषण, अध्ययन,अनुगमन तथा मुल्यांकन गरी प्रतिबेदन तयार गर्ने ।

(छ) जलविद्युत तथा अन्य उर्जा शक्तिको उत्पादन, प्रसारण गर्ने र आवश्यक प्रसारण तथा वितरण लाइन निर्माण गर्ने, संचालन गर्ने ।

(ज) विद्युत गृह, साना तथा मझौला विद्युत आयोजनाहरु निर्माण र वातावरण सम्बन्धि परामर्श सेवा उपलब्ध गराउने।

(झ) जलविद्युत उत्पादन क्षेत्रमा खानेपानी, सिंचाईको व्यवस्था मिलाउने ।

(अ) कम्पनीको उद्देश्य विस्तार हुंदैजांदा विद्युतिय शक्तिबाट चल्ने पानी तान्ने टावर गार्डेन निर्माण गरि संचालन गर्ने गराउने ।

(आ) विद्युतिय शक्तिबाट चल्ने मिनि रेल, ट्रामाको निर्माण गरि संचालन गर्ने गराउने ।

(इ) हाइड्रोपावर सम्बन्धि उपकरणहरु, मेशीन औजारहरु विदेशबाट आयात गरि बिक्री वितरण गर्ने गराउने ।

(ई) नविकरणिय उर्जा सम्बन्धी अध्ययन, तथा परामर्श सेवा प्रदान गर्ने ।

(उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धि परामर्श गर्ने ।

(च) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** जलश्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने । यसै क्रममा कम्पनीले हाल सञ्चालनमा रहेको तल्लो मोदी–१ जलविद्युत आयोजनाको Cascade आयोजनाको रुपमा तल्लो मोदी–२ जलविद्युत आयोजना (१०.५ मेगावाट) को विकास तथा निर्माण प्रकृया अगाडी बढाइको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्तु प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :** तल्लो मोदी–१ जलविद्युत आयोजनाको उत्पादन क्षमता १० मेगावाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिएको छ। साथै निर्माण गरिने तल्लो मोदी–२ जलविद्युत आयोजनाको उत्पादन क्षमता १०.५ मेगावाट रहेको र उक्त विद्युत समेत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिनेछ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** पर्वत जिल्लाको कुश्मा नगरपालिका स्थित मोदी खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको ।

(१०) **अनुसन्धान तथा विकास :** नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकासका लागी आवश्यक कार्यहरु भइरहेको ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** २०७२ साल श्रावण १४ गते ६० वर्ष पछिको अत्याधिक वर्षा हुदाँ मोदी खोलामा बाढी आई आयोजनाका बिभिन्न उपकरणहरुमा क्षति पुर्‍याउँदा करिब ४.५ महिना उत्पादन बन्द भएको र २०७२ साल मंसीरको अन्तिम सातादेखि आयोजना पूर्ववत अवस्थामा संचालन भई रहेको छ ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** तल्लो मोदी खोला–१ जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता १० मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरिएको छ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा बर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण सँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** हाल कुनै सप्लायर्स सँग निर्भर नरहेको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

स्वामित्वमा रहेको तल्लो मोदी–१ जलविद्युत आयोजनाको उत्पादन तथा प्रसारण उपकरणहरु एवं सिभिल तथा अन्य संरचनाहरु पर्वत जिल्लाको कुश्मा नगरपालिकामा रहेका छन । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चलअचल सम्पतिको विवरण देहाय बमोजिम रहेको छ :

| सम्पत्ति तथा जायजेथा | रकम (रु.हजारमा) |
|---|---|
| **स्थिर सम्पत्ति** | |

| | |
|---|---|
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी (ह्रास कट्टी पश्चात) | १८,७८,०२८ |
| निर्माणाधिन परियोजना | १०,७७१ |
| लगानी | - |
| **<u>चालु सम्पत्ति कर्जा तथा सापटी</u>** | |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | २,७१,२१५ |
| सामानको मौज्दात | १०,३६७ |
| नगद तथा बैंक मौज्दात | ३७,३२९ |
| अपलेखन गर्न बाँकी खर्च | ६५ |
| **जम्मा** | २२,०७,७७५ |

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजाना संचालन तथा निर्माणको लागि लिएको सहवित्तीयकरण कर्जाको लागि लिड बैक सिटिजन्स् बैंक इन्टरनेशनल लि. र सहभागी बैंकहरु ग्लोबल आईएमई बैंक लि., प्रभु बैंक लि., नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि., एनएमबि बैंक लि., एस डेभलपमेन्ट बैंक लि. र देव विकास बैंक लि. को नाममा धितो रहेकोछ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तिको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** लागु नहुने ।

### ग.३.ग. भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेकोछ ।

(२) तल्लो मोदी–२ जलविद्युत आयोजना :

यस कम्पनीले मोदी खोलामा अर्को १०.५ मेगावाटको लागि विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेको छ । हाल सम्म सो आयोजनाको बिद्युत खरिद बिक्री सम्झौता **(PPA), Connection Agreement र** प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** सम्पन्न भैसकेको छ भने उत्पादन अनुमतिपत्र र वित्तीय ब्यबस्थापनको कार्य समेत शुरु भई स्विकृति प्रकृया अन्तिम चरणमा रहेको छ ।

(३) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाव्य देखिएको अन्य जलविद्युत आयोजनाहरु एवं अन्य क्षेत्रहरुमा समेत लगानी गर्ने ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको ब्यवसायको भविष्य :**
देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्गको मार खेप्नु परेको छ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस ब्यबसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो ब्यबसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

### ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ११ (एघार) जना सञ्चालक सदस्यहरु रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह "क" अन्तर्गतका संस्थापक शेयरधनीबाट मनोनित वा निर्वाचित सञ्चालक | ७ जना |
| समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित सञ्चालक (स्थानीय बासिन्दाहरु समेत) | २ जना |
| स्वतन्त्र सञ्चालकहरु | २ जना |
| **जम्मा** | **११ जना** |

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :**

**अधिकृत पुँजी :** कम्पनीको अधिकृत पूँजी रु.१,२५,००,००,०००/–(अक्षरेपी एक अर्ब पच्चीस करोड रुपैंया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले १,२५,००,००० (एक करोड पच्चीस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजी :** कम्पनीको जारी पूँजी रु.१,१५,००,००,०००/–(अक्षरेपी एक अर्ब पन्ध्र करोड रुपैंया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले १,१५,००,००० (एक करोड पन्ध्र लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी :** हाल कम्पनीको चुक्ता पूँजी रु.९७,७५,००,०००/–(अक्षरेपी सन्तानब्बे करोड पचहत्तर लाख रुपैंया मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले ९७,७५,००० (सन्तानब्बे लाख पचहत्तर हजार) थान शेयरमा बिभाजन गरिएको छ । यस विवरणपत्र मार्फत सर्वसाधारणलाई साधारण शेयर जारी गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.१,१५,००,००,०००/–(अक्षरेपी एक अर्ब पन्ध्र करोड) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ ।**

| क्र.सं. | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | अधिकृत पूँजी | रु.१,२५,००,००,०००/– | मिति २०७२/२/७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| २. | जारी पूँजी | रु.१,१५,००,००,०००/– | मिति २०७२/२/७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| ३. | चुक्ता पूँजी | रु.९७,७५,००,०००/– | मिति २०७३/७/१९ गतेका दिन आयोजना प्रभावित क्षेत्र पर्वत जिल्लाका बासिन्दाहरुलाई शेयर बाँडफाँड गरिएको । |

**(ख) निष्कासन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र.सं. | शेयरधनीहरु | समुह | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | क | ८६,२५,००० | ८६,२५,००,०००/– | ७५% | शतप्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी (आयोजन प्रभावित पर्वत जिल्लाका बासिन्दाहरु) | ख | ११,५०,००० | ११,५०,००,०००/– | १०% | शतप्रतिशत |
| ३ | सर्वसाधारण शेयरधनी (कर्मचारीहरु समेत) | ख | १७,२५,००० | १७,२५,००,०००/– | १५% | शतप्रतिशत |
| | **जम्मा** | | **१,१५,००,०००** | **१,१५,००,००,०००/–** | **१०० %** | |

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :** शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क)आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| क्र.सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्णलाल हिराचन | शेयरधनी | ६४ | नेपाली | वडा नं.२, सानेपा, ललितपुर | १६२,५०३ | आइ.ई.सिभिल | अध्यक्षः युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि., अध्यक्षः यूनाइटेड वर्ल्ड ट्रेड सेन्टर सेन्टर, पूर्वाधार निर्माण क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव |
| २ | सुकुन्तलाल हिराचन | अध्यक्ष | ६२ | नेपाली | वडा नं.२, सानेपा, ललितपुर | १४७,८०८ | आइ.ई. आर्किटेक्चर | प्रवन्ध निर्देशक : युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा. लि., कार्यकारिणी सदस्य : नेपाल उद्योग बाणिज्य महासंघ, पूर्व अध्यक्ष : नेपाल निर्माण व्यवसायी महासँघ, पूर्वाधार विकास आयोजना तथा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | निर्माण क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव |
| ३ | कृष्ण प्रसाद आचार्य | सञ्चालक | ६४ | नेपाली | वडा नं.१०, नयाँ, बानेश्वर, काठमाण्डौ | २८०,७८४ | स्नातक | अध्यक्ष : पिपल्स हाइड्रो सहकारी संस्था लि.<br>पुर्व सांसद : आन्तरिम व्यवस्थापिका संसद<br>विभिन्न उद्योग, व्यापार तथा सामाजिक क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव |
| ४ | सुधिर प्रसाद तिमिल्सिना | सञ्चालक | ४८ | नेपाली | वडा नं.४, बलुवाटार, काठमाण्डौ | १९१,७५५ | बि.ई. | कार्यकारिणी सदस्य : स्वतन्त्र उर्जा उत्पादकहरुको सस्था, नेपाल,<br>पूर्व सदस्य : NRN ICC,<br>संचालक : अम्बे सिमेन्ट प्रा.लि.,<br>उद्योग, व्यापार क्षेत्रमा ३० बर्ष भन्दा बढीको अनुभव |
| ५ | हिमालयन इन्फ्राइष्ट्रक्चर फण्ड लि. | शेयरधनी | | | वडा नं.३१, कमलादी, काठमाण्डौ | ७०४,३९३ | | एयरलाइन्स, होटेल पूर्वाधार एंव उर्जा क्षेत्रमा सन् २००८ देखि संलग्न |
| ६ | आशिष थापा | सञ्चालक | ३६ | नेपाली | वडा नं.१४, कुलेश्वर, काठमाण्डौं | ३१०,७५१ | बि.ई. इलेक्ट्रीकल | प्रबन्ध निर्देशक : क्रिष्ट मेडिकल कलेज लि.<br>शिक्षा एवं व्यवस्थापन क्षेत्रमा १२ वर्षको अनुभव |
| ७ | सुनिल भक्त श्रेष्ठ | सञ्चालक | ५५ | नेपाली | वडा नं.११, थापाथली, काठमाण्डौ | १६२,२२७ | बी कम. | प्रबन्ध निर्देशक : कन्सेप्ट डेभलर्पस प्रा.लि.,<br>संचालक :आर. बि. कमप्लेक्स प्रा.लि.,<br>व्यवसायिक क्षेत्रमा ३० वर्ष भन्दा बढी अनुभव |
| ८ | महेन्द्र ब.कार्की | शेयरधनी | ६५ | नेपाली | वडा नं.७, चावहील, काठमाण्डौ | १६५,१७० | बि.टेक.सिभिल इन्जिनियरिङ्ग | अध्यक्ष :सोइल टेस्ट प्रा. लि.,<br>पुर्व अध्यक्ष : बि. पि. कोइराला क्यान्सर अस्पताल,<br>पूर्वाधार विकास आयोजना, शिक्षा एवं उच्च पदस्थ व्यवस्थापनमा ४० वर्षको अनुभव |
| ९ | प्रभु बैंक लिमिटेड | शेयरधनी | | | वडा नं.११, बबरमहल, काठमाण्डौं | ८२२,३५१ | | क वर्गको बाणिज्य बैंक |
| १० | पिपल्स हाइड्रो सहकारी संस्था लि. | शेयरधनी | | | वडा नं.१०, नयाँ बानेश्वर, काठमाण्डौ | ३४२,३६६ | | वि. सं. २०६६ सालमा स्थापित सहकारी संस्था |
| ११ | गोरख सम्सेर ज.ब.रा. | शेयरधनी | ४६ | नेपाली | वडा नं.२९, ठमेल, काठमाडौ | १२९,४०५ | एम.बी.ए. | स्टार्न्ड चार्टर्ड बैंक नेपाल लि. मा उच्च पदमा रही २० वर्ष भन्दा बढीको कार्यानुभव |
| १२ | फेडेलिटी इन्भेष्टमेन्ट प्रा.लि. | शेयरधनी | | | वडा नं.२२, खिचापोखरी, काठमाडौं | ८४३,५८३ | | वि. सं. २०६९ सालमा स्थापित |
| १३ | देबेन्द्र नारायण श्रेष्ठ | शेयरधनी | ५२ | नेपाली | का.म.पा.-१५, काठमाडौं | २४०,१८० | आइ. ए. | व्यापार तथा व्यवसायमा २५ बर्ष भन्दा बढीको अनुभव |
| १४ | देव बहादुर ज्वारचन | शेयरधनी | ६२ | नेपाली | भिमाद गा.बि.स.-१, तनहुँ | १२९,७८१ | साक्षर | व्यापार तथा निर्माण क्षेत्रमा ३० वर्ष भन्दा बढीको अनुभव |
| १५ | परा खनाल | शेयरधनी | २६ | नेपाली | वडा नं.३४ शंखमुल, काठमाण्डौं | ९०,७१८ | एम.एस्सी. इन्टरनेशनल म्यानेजमेन्ट | विभिन्न व्यापार व्यवसायमा ४ वर्षको अनुभव |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | रैना तिमिल्सिना | शेयरधनी | ५४ | नेपाली | वडा नं.३४, शंखमुल, काठमाण्डौं | ९२,५७१ | आइ. ए. | विभिन्न संघ सस्था एवं सामाजिक कार्यहरुमा आवद्ध |
| १७ | प्रज्ञात तिमिल्सिना | शेयरधनी | २८ | नेपाली | वडा नं.३४, शंखमुल, काठमाण्डौं | ९०,८४८ | एम.एस्सी. इन्टरनेशनल म्यानेजमेन्ट | विभिन्न व्यापार व्यवसायमा ४ वर्षको अनुभव |
| १८ | पंचवीर सिंह तुलाधर | शेयरधनी | ७९ | नेपाली | वडा नं.२, लाजिम्पाट, काठमाडौं | १२३,८८२ | आइ.कम. | व्यापार व्यवसायमा ६० बर्ष भन्दा बढीको अनुभव |
| १९ | देव कुमारी हिराचन | शेयरधनी | ५५ | नेपाली | वडा नं.२, सानेपा, ललितपुर | ९८,४३९ | आइ.ए. | विभिन्न संघ सस्था एवं सामाजिक कार्यहरुमा आवद्ध |
| २० | आशा हिराचान | शेयरधनी | ५६ | नेपाली | वडा नं.२, सानेपा, ललितपुर | ९८,४३९ | आइ.ए. | विभिन्न संघ सस्था एवं सामाजिक कार्यहरुमा आवद्ध |
| २१ | रेखा सिटौला (तिमिल्सिना) | शेयरधनी | ४४ | नेपाली | बालुवाटार, का.म.पा.-४, काठमाण्डौं | १३३,२१८ | एम.ए. | विभिन्न संघ सस्था एवं सामाजिक कार्यहरुमा आवद्ध |
| २२ | हर्क मान मगर | शेयरधनी | ५१ | नेपाली | हङकङ | १४०,०३४ | बी.इ. इलेक्ट्रीकल | संचालक : गोर्खाज कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग लि. हङकङ्ग, अन्तराष्ट्रिय व्यापार तथा व्यवसायमा २५ बर्ष भन्दा बढीको अनुभव |
| २३ | अर्जुन अधिकारी | शेयरधनी | ४० | नेपाली | अबसिरि, जापान | १८५,५८९ | बि.बि.एस. | प्रबन्ध निर्देशक : बिस्तारै बिस्तारै लि. जापान, नेपाल तथा जापानमा व्यापार एंव पर्यटन क्षेत्रमा २० वर्षको अनुभव |
| २४ | राज नारायण साह | शेयरधनी | ४७ | नेपाली | पुडोङ्ग, साङघाई, चाईना | १४०,०३४ | बि.इ. इलेक्ट्रीकल | सिइओ : एन आर इलेक्ट्रिक कं. हङकङ्ग, अन्तराष्ट्रिय व्यापार तथा व्यवसायमा २० बर्ष भन्दा बढीको अनुभव |
| २५ | विन्दवासिनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी प्रा.लि. | शेयरधनी | | | वडा नं.१०, नयाँ वानेश्वर, काठमाडौं | १५३,४१९ | | वि.सं. २०५७ सालमा स्थापित |

**संचालकहरुको विवरण**

| क्र. सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | सुकुन्तलाल हिराचन | अध्यक्ष | ६२ | नेपाली | वडा नं.२, सानेपा, ललितपुर | १४७,८०८ | आइ.ई. आर्किटेक्चर | प्रवन्ध निर्देशक : युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा. लि., कार्यकारिणी सदस्य :नेपाल उद्योग बाणिज्य महासंघ, पूर्व अध्यक्ष : नेपाल निर्माण व्यवसायी महासँघ, पूर्वाधार विकास आयोजना तथा निर्माण क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव |
| २. | सुधिर प्रसाद तिमिल्सिना | सञ्चालक/ प्रबन्ध निर्देशक | ४८ | नेपाली | वडा नं.४, बालुवाटार, काठमाण्डौं | १९१,७५५ | बी.ई. | कार्यकारिणी सदस्य : स्वतन्त्र उर्जा उत्पादकहरुको सस्था, नेपाल, पूर्व सदस्य : NRN ICC, संचालक : अम्वे सिमेन्ट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रा. लि., उद्योग, व्यापार क्षेत्रमा ३० बर्ष भन्दा बढीको अनुभव |
| ३. | कृष्ण प्रसाद आचार्य | सञ्चालक | ६४ | नेपाली | वडा नं.१०, नयाँवानेश्वर, काठमाडौं | २८०,७८४ | स्नातक | अध्यक्ष : पिपल्स हाइड्रो सहकारी संस्था लि. प्रर्व सांसद : आन्तरिम व्यवस्थापिका संसद विभिन्न उद्योग, व्यापार तथा सामाजिक क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव |
| ४. | मुकुन्द प्रसाद तिमिल्सिना | सञ्चालक | ५७ | नेपाली | वडा नं.३४, शंखमुल, काठमाण्डौं | ६४,९५० | बी. कम. | सञ्चालक : शुभश्री अग्नि सिमेन्ट उद्योग प्रा.लि., सञ्चालक : अम्वे सिमेन्ट प्रा.लि., उद्योग एवं व्यापार क्षेत्रमा ३५ बर्ष भन्दा बढीको अनुभव |
| ५. | सुनिल भक्त श्रेष्ठ | सञ्चालक | ५५ | नेपाली | वडा नं.११, थापाथली, काठमाण्डौ | १६२,२२७ | बि. कम. | प्रबन्ध निर्देशक : कन्सेप्ट डेभलर्पस प्रा. लि., संचालक : आर. बि. कमप्लेक्स प्रा. लि., व्यवसायिक क्षेत्रमा ३० वर्ष भन्दा बढी अनुभव |
| ६. | आशिष थापा | सञ्चालक | ३६ | नेपाली | वडा नं.१४, कुलेश्वर, काठमाण्डौ | ३१०,७५१ | बि.ई. इलेक्ट्रीकल | प्रबन्ध निर्देशक : क्रिष्ट मेडिकल कलेज लि. शिक्षा एवं व्यवस्थापन क्षेत्रमा १२ वर्षको अनुभव |
| ७. | नारायण वल्लभ पन्त | सञ्चालक | ६५ | नेपाली | वडा नं.२४, न्यूरोड, काठमाण्डौ | ५,५०१ | एम.ए. अर्थशास्त्र, बि.एल., बि.कम. | अध्यक्ष : देव इन्भेष्मेन्ट कम्पनी प्रा.लि., अध्यक्ष : देव वचत तथा ऋण सहकारी संस्था लि., कानुन व्यसायमा ४० वर्ष भन्दा बढी अनुभवत्र |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

यस कम्पनीको संस्थागत संस्थापकको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ :

| क्र.स. | संस्थापक कम्पनीको नाम, ठेगाना | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|
| १. | हिमालयन इन्फ्रास्ट्रक्चर फण्ड लि.,<br>वडा नं.३१, कमलादी, काठमाण्डौं । | श्री पृथ्वी बहादुर पाँडे, वडा नं.४, काठमाण्डौ : अध्यक्ष<br>श्री महेश्वर प्रकाश श्रेष्ठ, वडा नं.२७, काठमाण्डौ : सञ्चालक<br>श्री शिवान्त बहादुर पाँडे, वडा नं.४, काठमाण्डौ : सञ्चालक |
| २. | फेडेलिटी इन्भेस्टमेण्ट प्रा. लि.,<br>वडा नं. २२, काठमाडौं । | श्री नरेन्द्र वल्लभ पन्त, वडा नं.२४, काठमाण्डौ : अध्यक्ष<br>श्री लक्ष्मी भक्त सिल्पकार, वडा नं.१, भक्तपुर : संचालक<br>श्री संगिता श्रेष्ठ, वडा नं.१४, काठमाण्डौ : संचालक<br>श्री ध्रुव उप्रेती, खैरेनी-८, चितवन : संचालक<br>श्री अमित श्रेष्ठ, विदुर-२, नुवाकोट : संचालक |
| ३. | विन्दवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि.<br>वडा नं.१०, नयाँ बानेश्वर, काठमाडौं । | श्री कृष्ण प्रसाद आचार्य, वडा नं.१०, काठमाण्डौ : अध्यक्ष<br>श्रीमती सिता आचार्य, वडा नं.१०, काठमाण्डौ : संचालक<br>श्री हरि प्रसाद काफ्ले, वडा नं.२, ललितपुर : संचालक<br>श्री भरत बहादुर पाण्डे, भरतपुर-६, चितवन : संचालक<br>श्री डमरु वल्लब भट्टराई, वडा नं.९, काठमाण्डौ : संचालक<br>श्री विष्णुहरि शर्मा सुवेदी, वडा नं.१, ललितपुर : संचालक<br>श्री लक्ष्मण पौडेल, गितानगर-७, चितवन : संचालक |

| | | |
|---|---|---|
| | | श्री हरि प्रसाद पण्डित, दिब्यनगर-७, चितवन : संचालक<br>श्री दिलसुन्दर श्रेष्ठ, खाँदबारी-३, संखुवासभा : संचालक<br>श्री ज्ञान प्रसाद अधिकारी, मिजुरेडाँडा-५, कास्की : संचालक<br>श्री बीरजङ्ग गुरुङ्ग, पासगाँउ-५, लमजुङ्ग : संचालक<br>श्री ओम प्रसाद गुरुङ्ग, पासगाँउ-५, लमजुङ्ग : संचालक<br>श्री तम प्रसाद गुरुङ्ग, पासगाँउ-५, लमजुङ्ग : संचालक |
| ४. | पिपल्स हाइड्रो सहकारी संस्था लि.<br>वडा नं.१०, नयाँ बानेश्वर, काठमाडौं । | श्री कृष्ण प्रसाद आचार्य, वडा नं.१०, काठमाण्डौ : अध्यक्ष<br>श्री देव बहादुर पौडेल, वडा नं.९, काठमाण्डौ : उपाध्यक्ष<br>श्री बाल कृष्ण गिरी, वडा नं.१४, काठमाण्डौ : सचिव<br>श्री भरत बहादुर पाण्डे, भरतपुर-१४, चितवन : सहसचिव<br>श्री विकास गौचन, रानीपानी-६, पर्वत : संचालक<br>श्री विष्णु सुवेदी, वडा नं.२, ललितपुर : संचालक<br>श्री ऋषीराम पौडेल, भरतपुर-१०, चितवन : संचालक<br>श्रीमती भानु कंडेल, प्रगतीनगर-३, नवलपरासी : संचालक<br>श्री विमला के.सी., शिम्ली-१, रुकुम : संचालक<br>श्री मनिश कुमार जोशी, सिद्धार्थनगर-८, रुपन्देही : संचालक<br>श्री महेन्द्र बहादुर कार्की, मैलुङ्ग-३, दोलखा : संचालक<br>श्री गुणचन्द्र बिष्ट, भरतपुर-४, चितवन : संचालक |
**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी ब्यबस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंले रु.१००/–अंकित दरको ८,६२,५०० कित्ता साधारण शेयरको लागि रु.८,६२,५०,०००/–(अक्षरुपी आठ करोड बासाठी लाख पचास हजार रुपैंया मात्र) को लागि प्रत्याभुती गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. धितोपत्र निष्काशन निर्देशिका,२०६५ बमोजिम कुल निष्काशनको कम्तीमा ५० प्रतिशत भन्दा बढी अर्थात ८,६२,५०० कित्ता साधारण शेयरहरु प्रत्याभुती गरिएको छ ।
२. कुल प्रत्याभुती शेयरहरुको लागि प्रत्याभुति शुल्क बापत एकमुष्ट रु.४,३१,२५०/–भुक्तानी गरिएको छ ।
३. प्रत्याभुतीकर्ताको दायित्व प्रत्याभुती गरिएको शेयरहरुमा मात्र सिमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतीकर्ताले प्रत्याभुतीत कित्ता शेयरहरु सम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।
५. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।
६. प्रत्याभुती सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन् ।
२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही कम्पनीले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभाशं वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु "धितोपत्र निष्काशन निर्देशिका,२०६५" मा भएको ब्यबस्था अनुसार बाँडफाँड गरी तोकिएको अवधिभित्र शेयर प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लि., सिंहदरवारप्लाजा, काठमाण्डौंमा सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.३१, कमलादी, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १५,००० (पन्ध्र हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. दरखास्त दिंदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफुले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ। नावालकको हकमा आवेदन दिँदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

३. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममाखुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

४. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फारममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।

५. सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।

६. रु.५०,०००/–भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

७. रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ । साथै रु.१० लाख रुपैंया वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नु पर्दछ ।

८. आबेदन फाराम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ ।

९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१०. संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन्। यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।

११. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

१२. बाँडफाँडबाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपीको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने व्यबस्था रहेकोले शेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

१३. कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी सहित कम्पनी वा संस्थाको प्रमुखको मुखाकृति स्पष्ट देखिने फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

१५. आवेदन दिदाँ आवेदन फाराममा आवेदकले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर (DMAT Account/BOID No.) उल्लेख गर्नु पर्नेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति :** कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी :** कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य :** कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** नभएको ।

**ग.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धि सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** यस अघि उद्योग प्रभावीत क्षेत्रका वासिन्दाहरुकालागि साधारण शेयर निष्काशन गर्नको लागि मिति २०७३/०५/०१ मा स्विकृत बिवरणपत्रमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरुमध्ये कम्पनीले २०७३ मंसिर भित्रमा उत्पादन अनुमति पत्र प्राप्त गर्ने लक्ष्य लिएकोमा सो अनुमति पत्र हाल सम्म प्राप्त नभएको तर पनि यस बीचमा सार्वजनिक सूचना निकाल्ने कार्य भएको र अन्य प्रकृयामा उल्लेख्य प्रगति भइरहेकोले यथाशिघ्र उक्त अनुमतिपत्र प्राप्त हुने कुरामा कम्पनी आशावादी छ ।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्था एम.खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्स, झम्सीखेल, ललितपुर रहेको छ ।

आ)यस निष्काशनको लागि प्रमुख बैंकको ब्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |

साथै आवश्यकता अनुसार निष्कासन वन्द हुन भन्दा अगावै वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई)यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री एम.खनाल एण्ड कम्पनीका चार्टड एकाण्टेण्ट श्री महेश खनालद्धारा प्रमाणित गरिएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** :

(१)आ.ब.०७२/०७३ को लेखापरिक्षण गर्नका लागि चार्टर्ड एकाउन्टेण्ट संस्था एम.खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्स, भम्सीखेल, ललितपुरलाई लेखापरिक्षण शुल्क रु.३,३९,०००/–भुक्तानी गर्ने गरी बार्षिक साधारण सभाबाट नियुक्त गरिएको ।
(२)सार्वजनिक निष्काशनको क्रममा संलकन भएको रकम निष्काशन बैंकमा जम्मा गरिनेछ ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** तल्लो मोदी-१ आयोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी तथा सिटिजन्स् बैंक इन्टरनेशनल बैंक लि. को अगुवाईमा ग्लोबल आईएमइ बैंक लि., प्रभु बैंक लि., नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि., एनएमबि बैंक लि., एस डेभलपमेण्ट बैंक लि. र देव विकास बैंक लि. बाट सहवित्तियकरण ऋण व्यवस्थापन गरिएको छ । उक्त कर्जाको कुल स्वीकृत सीमा रु. १.४८ अर्ब भएकोमा २०७३ आश्विन मसान्तमा बाँकी कर्जा रु.१.१७ अर्ब रहेको छ । यसका साथै यस अघि पर्वत जिल्लाका स्थायी वासिन्दाहरुलाइ शेयर निष्काशन गरी संकलन भएको रु. ११.५० करोड मध्ये मिति २०७३ कार्तिक २५ गते हाल कायम रहेको कर्जाको रु. १० करोड आवाधिक अग्रिम भूक्तानी गरिएको छ ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा एक विशेष कक्षको ब्यबस्था गरिएको छ । लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि अनुपालना अधिकृत श्री सुभाष पौडेल (सम्पर्क नं:९८०१०५१०००) लाई तोकिएको छ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी ब्यबस्था :** हालसम्म कम्पनीले अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | परिवर्तन भएको संचालकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | श्री पूर्णलाल हिराचन | पदावधि समाप्त | २०७२/९/४ |
| २. | श्री उपेन्द्र राज गौतम | पदावधि समाप्त | २०७२/९/४ |
| ३. | श्री महेश्वर प्रकाश श्रेष्ठ | पदावधि समाप्त | २०७२/९/४ |
| ४. | श्री नरेन्द्र बल्लभ पन्त | राजिनामा | २०७२/११/१४ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :** नुवाकोट जिल्ला, भद्रुटार गा.वि.स. वडा नं. ३ घर भई का.म.न.पा. वडा नं. ३, रानीबारी निवासी एल.एल.एम., एम.ए.(ग्रामीण विकाश) शैक्षिक योग्यता हासिल गरी पिएच.डी. अनुसन्धानरत एवं १४ वर्ष देखि वकालत पेशामा क्रियाशिल, विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय संघ सस्थाहरुमा कानुनी परामर्शदाता रही जलविद्युत क्षेत्रमा ५ वर्षको कार्य अनुभव हासिल गर्नु भएका अधिवक्ता श्री नवराज थपलिया यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) सार्वजनिक निष्कासन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :** कम्पनीको मिति २०७२/९/४ गते बसेको प्रथम तथा द्धितीय बार्षिक साधारण सभाबाट सर्वसाधारणका लागि छुट्टाइएको रु.१००/–अंकित दरको जम्मा २८,७५,००० कित्ता साधारण शेयर मध्ये रु. ११,५०,००,०००/–बराबरको रु.१००/–अंकित दरको ११,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पर्वत जिल्लाका बासिन्दाहरुका लागि निष्काशन गर्ने र बाँकी रहने १५% हुन आउने रु. १७,२५,००,०००/–बराबरको रु.१००/–अंकित दरको १७,२५,००० कित्ता साधारण शेयर सर्वसाधारण (नियमानुसार कम्पनीमा कार्यरत कर्मचारीहरु समेत) लाई बिक्री बितरण गर्ने निर्णय गरिएको छ । साथै सो कार्यको लागि एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकमा नियुक्त गर्ने निर्णय गरेकोछ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको आयकर ऐन २०५८ को दफा ११ (३ घ) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो सात वर्षसम्म पुरै आयकर छुट पाउनेछ र त्यस पछिको तीन वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने छ ।

साथै विद्युत ऐन २०४९ को दफा १२ (७) तथा आर्थिक ऐन २०७२ को दफा (२) को उपदफा (१) अन्तर्गत आयोजना निर्माणको लागि आवश्यक स्टील, पाइप, उपकरण आदीको आयातमा भन्सार महशुल १ प्रतिशत लाग्ने एवं मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५(३) अन्तर्गत मूल्य अभिवृद्धि कर पुरै छुट हुने सुविधा दिइएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :** कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं.३१, कमलादी, काठमाण्डौं ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :** हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :** यस विवरणपत्रद्वारा निष्काशन गरिने प्रति साधारण शेयर रु.१००/–अङ्कित मूल्य (Par Value) का कुल १७,२५,००० कित्ता साधारण शेयर मध्ये २% अर्थात ३४,५०० कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात ८६,२५० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिएको छ । यसरी छुट्याइएको शेयर कर्मचारीहरुको हकमा कम्पनीको संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र कर्मचारीहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :** कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपालको प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक सङ्कलन केन्द्रका दरले न्यूनतम १० सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फारम तथा विवरणपत्र वितरण तथा आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ॥

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :** यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ३"**प्रमाणपत्र प्राप्त गरेको छ । । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा ७ बर्ष (२०७७ साल सम्म) आयकर छुट तथा सो पश्चात ३ बर्षका लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभाशं दर बढी रहेको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यवस्थाहरु देहाय बमोजिम रहेको छ :**

**(१) आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यकता कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरेको:** कम्पनीले मिति २०६४ साल मंसिर ५ गते नेपाल सरकार, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई आफ्नो उद्देश्य अनुसारको कारेबार संचालन गरिरहेको छ ।

**(२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :** कम्पनीले पछिल्लो पटक मिति २०७२ पौष ४ गते साधारण सभा सम्पन्न गरी आ.व. २०७१/७२ सम्मको लेखापरिक्षण प्रतिवेदन पारित गरिसकेको छ । उक्त साधारण सभाले एम. खनाल एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्का सिए श्री महेश खनाललाई आ.व. २०७२/७३ को लागि लेखापरिक्षक नियूक्त गरी आ.व. २०७२/७३ को लेखापरिक्षण समेत सम्पन्न भइसकेको छ ।

कम्पनी ऐन २०६३ को प्रावधान अनुरुप कम्पनीले आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र साधारण सभा गर्नुपर्ने व्यवस्था रहेको भए पनि धितोपत्र निष्काशन निर्देशिका २०६५ को बुँदा नं. ३२ को प्रावधानलाई समेत मध्यनजर गर्दै नयाँ शेयरधनीहरुलाई समेत समावेश गरेर मात्र यस वर्षको साधारण सभा गर्ने गरी उचित समय सीमा थप गरी अनुमतिको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन पेश गरिएको छ ।

**(३) आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** कम्पनीले तल्लो मोदी-१ जलविद्युत आयोजनाको

लागि २०६६/५/२ मा विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरी आयोजना निर्माण सम्पन्न गरेको छ।

यसैगरी मिति २०७०/२/२२ मा तल्लो मोदी-२ जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र प्राप्त गरी आवश्यक प्रकृया पुरा गरी २०७३/२/१७ मा विद्युत उत्पादनको अनुमति पत्रको लागि निवेदन पेश गरिएको छ र सो को स्विकृति प्रकृया अन्तिम चरणमा रहेको छ ।

(४) **संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको :** तल्लो मोदी-१ जलविद्युत आयोजनाको लागि सम्पूर्ण खरिद एंव निमार्ण कार्य सम्पन्न गरी आयोजना संचालन गरिसकेको छ । (तल्लो मोदी -१ जलविद्युत आयोजनाको Cascade Project को रुपमा नै तल्लो मोदी -२ जलविद्युत आयोजना निर्माण गर्ने अवधारणा अनुसार नै कम्पनीले तल्लो मोदी-१ जलविद्युत आयोजना निर्माण गर्दा प्रयोग हुने कार्यालय, गोदाम, कर्मचारी आवास, पहुँच मार्ग, इन्टेक एवं १३२ KV प्रशारण लाइन समेत तल्लो मोदी-२ जलविद्युत आयोजना समेतलाई प्रयोग गर्न सकिने गरी निर्माण गरेको र स्वीचयार्ड, सबस्टेशन एवं पावरहाउस इत्तर क्षेत्रमा पनि सो योजना अनुसार नै केहि बढी मात्रामा जग्गा खरीद गरिएको अवस्था छ । आगामी दिनमा River Crossing, Headrace Pipe, Surge Tank, Powerhouse etc. लगायत मूल संरचनाको मात्र निर्माण गर्नुपर्ने देखिन्छ र उक्त संरचनाहरुका Feasibility Study Drawings सम्पन्न भइसकेको र हाल Detail Construction Drawings तयार हुने अन्तिम चरणमा रहेकोले तत्पश्चात थप जग्गा खरिद गरी Tender प्रकृया शुरु गरिने छ ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने भएमा टेन्डर आदी गरी खरिद प्रक्रिया अगाडि बढाइसकेको :** तल्लो मोदी-१ जलविद्युत आयोजनाको लागि सम्पूर्ण यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद कार्य सम्पन्न गरी आयोजना संचालन गरिसकेको छ ।

तल्लो मोदी-२ जलविद्युत आयोजनाको अध्ययन प्रतिवेदन अनुसार सो आयोजना Run-OFF-River(ROR) Scheme मा सञ्चालन हुने र तल्लो मोदी-१ जलविद्युत आयोजनाको Tail Race बाट 26 $m^3/S$ पानी Offtake लिई ३,४६८ मी. लामो क्यानलबाट Horizontal Francis Turbine(2units) मा पानी खसाली १०,५०० कि.वा. क्षमता सञ्चालन गरिने छ । यसका लागि आवश्यक यान्त्रिक उपकरणहरुको अध्ययन भएको र हाल Tender Documents तयार भइरहेको हुनाले तत्पश्चात खरिद प्रकृया अघि बढाइने छ ।

(६) **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धक सँग सम्झौता भई सकेको :** कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए अनुसारको साधारण शेयर सर्वसाधारणमा निष्कासन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौसँग सम्झौता गरिएको छ ।

(७) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** तल्लो मोदी-२ जलविद्युत आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत छौं ।

(८) **संस्थापकहरुले लिन कवुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको :** संस्थापकहरुको आफूले लिन कवुल गरेको ८,६२,५००० शेयर कित्ताको प्रति शेयर रु.१००/–का दरले रु.८६,२५,००,०००/–(अक्षरेपी छयासी करोड पच्चीस लाख) शतप्रतिशत चुक्ता भईसकेको छ ।

(९) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको :** तल्लो मोदी-१ जलविद्युत आयोजनाको लागि सिटिजन्स बैंक इन्टरनेशनल लि. को अगुवाइमा मिति ३ अगस्ट २००९ मा सहवित्तियकरण मार्फत फाइनान्सियल क्लोजर भइसकेको छ ।

तल्लो मोदी-२ जलविद्युत आयोजनाको लागि पनि सोही सहवित्तियकरण सँग आवश्यक छलफल भइरहेको र बैंकमा कागजातहरु बुझाईएको छ । सो सहवित्तियकरणको अगुवा बैंक श्री सिटिजन्स् बैंक इन्टरनेशनल लि. बाट मिति २९ मे २०१६ मा तल्लो मोदी-२ जलविद्युत आयोजनामा ऋण लगानी गर्ने आशय पत्र समेत दिएको छ ।

(१०) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको :** तल्लो मोदी-१ जलविद्युत आयोजनाको लागि सम्पूर्ण कार्य सम्पन्न भइसकेको । तल्लो मोदी-२ जलविद्युत आयोजनाको विद्युत खरिद विकि सम्झौता नेपाल विद्युत प्रधिकरण सँग मिति २०७२/११/१४ मा सम्पन्न भइसकेको छ । जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि कन्सल्ट्यान्ट बाट Tender Documents तयार भइरहेकोले तत्पश्चात यथाशीघ्र Tender प्रकृया शुरु गरिने छ ।

(११)**सर्वसाधारणमा निष्काशन गर्न लागेको सेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको:** सर्वसाधारणमा निश्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम श्री एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौद्वारा प्रत्याभुति गरिएको छ ।

**(ण) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन सम्म खुल्ला रहनेछ । शेयरको लागि आवेदन लिने कार्य कम्तीमा पाँच कार्य दिनको लागि खुल्ला गरिनेछ । तर प्रत्येक विकास क्षेत्रमा

कम्तीमा एक दरखास्त फारम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने गरी कम्तीमा १० वटा केन्द्रको व्यवस्था गरिएकोमा कम्तीमा चार कार्यदिन खुल्ला गरिनेछ ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सुकुन्तलाल हिराचन | अध्यक्ष | |
| २. | श्री सुधिर प्रसाद तिमिल्सिना | प्रबन्ध संचालक | |
| ३. | श्री कृष्ण प्रसाद आचार्य | संचालक | |
| ४. | श्री मुकुन्द प्रसाद तिमिल्सिना | संचालक | |
| ५. | सुनिल भक्त श्रेष्ठ | संचालक | |
| ६. | आशिष थापा | संचालक | |
| ७. | नारायण बल्लभ पन्त | संचालक | |

**ग.२४. निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

NIBL CAPITAL
A licensed Merchant Banker and Fund Manager from SEBON

NIBL CAPITAL
NIBL Capital Markets Ltd.
Kathmandu, Nepal

**Ref: 664\073\074**

२०७३/८/२

**श्री नेपाल धितोपत्र बोर्ड,**
**संस्थागत वित्त विभाग,**
**जावलाखेल, ललितपुर ।**

**<u>बिषय : धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध बारे ।</u>**

महोदय,

बागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं.३१ कमलादी, काठमाण्डौं ठेगाना भएको युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/–दरको १७,२५,००० (सत्र लाख पच्चीस हजार) कित्ता साधारण शेयरहरुको निष्काशन गर्नको लागि निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धि निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

<u>धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट</u>

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**

**नाम** : कबिन्द्र ध्वज जोशी

**पद** : नायव महा-प्रबन्धक

**सही** :

**कार्यालयको छाप** :

एनआईबिएल क्यापिटल मार्केट्स लि.
( A subsidiary of Nepal Investment Bank Limited)
P.O. Box 23224, Lazimpat, Kathmandu, Nepal
Ph: +977-1-4005080/58/68/69
Fax: +977-1-4005084
E-mail: info@niblcapital.com
Website: www.niblcapital.com

ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

M. Khanal & Co., Chartered Accountants

Naya Bato, Dhobighat
P.O. Box : 13364
Kathmandu, Nepal.

Tel. : 9851027899
E-mail: mahesh.khanal@nic.net.np

**जो जससँग सम्बन्धित छ**

यूनाईटेड मोदी हाईड्रोपावर लि. को व्यवस्थापनले अपनाएको अनुमानका आधारमा तयार पारिएको आ.ब. २०७३/७४, २०७४/७५ र २०७५/७६ को प्रक्षेपित वासलात तथा नाफा नोक्सान हिसाब संलग्न गरिएको वित्तिय विवरण कम्पनीको धितोपत्रको सार्वजनिक निष्कासन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

प्रक्षेप्रण तथा अनुमानहरु व्यवस्थापनले स्वंय तयार पारेका हुन् र यसको सत्यतामा हाम्रो कुनैपनि दायित्व छैन। व्यवस्थापनले प्रक्षेपित वित्तिय विवरणका लागि अपनाएका आधार तथा तरिकाहरु निम्न बमोजिम रहेका छन् :

१) धितोपत्रको सार्वजनिक निश्कासन गर्ने आधारमा आ.व. २०७३/७४ मा शेयर पूँजी रु. २८,७५,००,०००।- ले बृद्धि हुने प्रक्षेपण गरिएको छ।

२) कम्पनीद्वारा विकास गरिने तल्लो मोदी-२ जलविद्युत आयोजनाको निर्माण २०७३ पौष महिनादेखि प्रारम्भ गर्ने तथा २०७६ ज्येष्ठ भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी २०७६ असार १७ गते बाट व्यापारिक उत्पादन शुरु गर्ने योजना गरिएको छ।

३) तल्लो मोदी-२ जलविद्युत आयोजनाको कुल लागत अनुमान रु. १.६९ अर्ब (निर्माण अवधिको ब्याज वाहेक) तथा निमार्ण अवधिको ब्याज सहित रु. १.७९ अर्ब हुने प्रक्षेपण गरिएको छ।

४) उक्त आयोजना निर्माणको लागि ७५:२५ अर्ब को अनुपातमा बैंक ऋण रु. १.३४ अर्ब प्रयोग हुने र आयोजना निर्माणमा पहिले स्वपूँजी प्रयोग गरी तत्पश्चात मात्र बैंक ऋण उपयोग गर्न शुरु गरिने प्रक्षेपण गरिएको छ।

५) बैंक ऋणको ब्याज गणनाको लागि ९% ब्याजदर लिईएको छ।

६) नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्रि सम्फौता (PPA) को आधारमा २०७६ श्रावण १ गते देखि नै आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन शुरु भईसक्ने एवं उक्त सम्फौताको आधारमा शतप्रतिशत क्षमता उपभोग गरी कन्ट्राक्ट इनर्जीको न्यूनतम ९०% विद्युत उत्पादन तथा बिक्री गरिने प्रक्षेपण गरिएको छ।

७) कर्मचारी खर्च एंव इन्धन खर्च हरेक बर्ष ५% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ।

८) प्लान्ट तथा मेशिनरीको विस्तृत मर्मत संभार (Overhauling) खर्च पहिलो ५ वर्षको लागि बार्षिक ३%, त्यस पछिको ५ वर्षको लागि बार्षिक १५% र त्यस पछि बार्षिक २५% ले बृद्धि हुने प्रक्षेपण गरिएको छ।

९) अन्य खर्चहरु बार्षिक ३% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ।

१०) विद्युत बिक्रीको दर PPA मा व्यवस्था भए बमोजिम राखिएको छ र उक्त बिक्रीमा लाग्ने रोयल्टी खर्चको पनि प्रक्षेपण गरिएको छ।

११) ह्रास खर्च सम्बन्धमा आयोजनासँग प्रत्यक्ष सम्बन्धित प्लान्ट, मेशिनरी, जग्गा एंव अन्य संरचनाहरु लाई आयोजना अवधिभर Straight Line Method अनुसार ह्रासकट्टी गरिएको छ र अन्य सम्पत्तिहरुको हकमा आयकर ऐन २०५८ को व्यवस्था अनुसार गरिएको छ।

१२) कम्पनीले आ.ब.२०७३/७४ मा रु.५.७५ करोड, आ.ब.२०७४/७५ मा रु.११.५० करोड र आ.ब.२०७५/७६ मा रु.११.५० करोड लाभाशं वितरण गर्न प्रक्षेपण गरिएको छ।

१३) कर्मचारी बोनसको व्यवस्था विद्युत ऐन २०४९ अनुसार २% का दरले हरेक वर्ष व्यवस्था गरिएको छ।

M. Khanal & Co. Kathmandu Nepal Chartered Accountants

सि.ए. महेश खनाल
एम. खनाल एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स
मिति : २०७३/७/२५

ICRA NEPAL

# ICRA Nepal Limited

Ref No: ICRAN/073/074/REV/001

Date: Feb 09, 2017

Mr. Sudhir Pd. Timilsina
Managing Director
United Modi Hydropower Limited
Kamaladi, Kathmandu, Nepal

Dear Sir,

**Re: ICRA Nepal Grading of Initial Public Offer of 2,875,000 (nos.) Equity Shares Rs. 100 each to be issued by United Modi Hydropower Limited to Public ("IPO")**

Please refer to your letter dated January 27, 2017 for revalidation of grading the NPR. 285.5 million IPO of United Modi Hydropower Limited. The Rating Committee of ICRA, after due consideration, has revalidated the grading of "[ICRANP] IPO Grade 3" (pronounced as ICRA NP IPO Grade Three) to the captioned IPO programme. This grading indicates average fundamentals.

The grading is valid from the date of this letter till May 7, 2017 (three months). If the instrument rated/graded, as above, is not issued by you within a period of 3 months from the date of this letter communicating the revalidation, the same would stand withdrawn unless revalidated before the expiry of 3 months.

The other terms and conditions for the grading of the aforementioned issue shall remain the same vide our letter Ref No: ICRAN/072/073/GRA/043 dated June 17, 2016.

With kind regards,

Yours sincerely,
For ICRA Nepal Limited

Deepak Raj Kafle
Managing Director

Kishor Prasad Bimali
Senior Analyst

Regd. Office :
Sunrise Bizz Park - 6th Floor,
Dillibazar , Kathmandu - 33, Nepal

Tel. : +977 1 4419910/20
Fax : +977 1 4419930

Website : www.icranepal.com
Email : info@icranepal.com

RATING • RESEARCH • INFORMATION